# स्नातकोत्तर तहको परीक्षण प्रक्रियामा विश्वसनीयता र वैधता

**राजेन्द्र खनाल,** पिएचडी
उपप्रा. नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर
*sauravabhirk@gmail.com*

**सिद्धिबहादुर महर्जन,** पिएचडी
उपप्रा. नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर
*siddhikirtipur@gmail.com*

**लेखसार**

*यस लेखमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा आधारित परीक्षण प्रक्रियाको विश्वसनीयता तथा वैधताप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । क्षेत्रीय सर्वेक्षण विधिमा आधारित भई मतावलीलाई तथ्य सङ्कलनको साधन बनाइएको यस अध्ययनमा यादृच्छिक नमुना छनोट प्रक्रिया अवलम्बन गरिएको छ। यसमा शिक्षाशास्त्र, स्नातकोत्तर तहमा अध्ययनरत १२० जना शिक्षार्थी तथा उक्त तहमा अध्यापनरत ४० जना शिक्षकलाई नमुनाका रूपमा लिई उनीहरूको अभिमतको विश्लेषण गरिएको छ। सेमेस्टरको परीक्षा प्रणाली विश्वसनीय छ भन्ने कथनमा शिक्षक तथा शिक्षार्थीको समष्टिमा ३८.१ प्रतिशत सकारात्मक, १४.४ प्रतिशत तटस्थ तथा ४७.५ प्रतिशत नकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । यसले परीक्षा प्रणाली विश्वसनीय हुन नसकेको अवस्था उद्घाटन गर्छ। शिक्षक तथा शिक्षार्थीको पृथकीकृत तथ्य हेर्दा ३३.३३ प्रतिशत शिक्षार्थी र ५२.५ प्रतिशत शिक्षकको मात्र सकारात्मक अभिमत प्राप्त भएकाले परीक्षाको विश्वसनीयता कमजोर बन्छ । त्यस्तै, परीक्षाको वैधताका सवालमा प्राप्त प्रतिक्रिया पनि अनपेक्षित देखिन्छ। उक्त कथनमा शिक्षक तथा शिक्षार्थीको समष्टिमा ३९.४ प्रतिशत सकारात्मक, २०.६ प्रतिशत तटस्थ तथा ४० प्रतिशत नकारात्मक प्रतिक्रिया प्राप्त भएको छ। शिक्षक तथा शिक्षार्थीको पृथकीकृत तथ्य हेर्दा ३५.८३ प्रतिशत शिक्षार्थी र ५० प्रतिशत शिक्षकको मात्र सकारात्मक अभिमत प्राप्त भएकाले परीक्षाको वैधता पनि कमजोर रहेको पाइन्छ । यस अनुसन्धानमा प्राप्त प्रतिक्रिया हेर्दा सेमेस्टरको परीक्षा प्रणालीमा विश्वसनीयता र वैधता कमजोर रहेको पुष्टि हुन्छ। शिक्षक एवम् शिक्षार्थी दुवै वर्गबाट सेमेस्टरको परीक्षण प्रक्रियामा विश्वसनीयता र वैधताको स्थिति कमजोर रहेको दृष्टिकोण प्राप्त भएकाले परीक्षासँग सम्बद्ध पक्ष सचेत बन्नुपर्ने देखिन्छ।*

**मुख्य शब्दावली :** परीक्षण, परीक्षा प्रणाली, विश्वसनीयता, वैधता, सेमेस्टर।

## विषय प्रवेश

परीक्षा प्रणाली शैक्षिक कार्यक्रमको अनिवार्य सर्त हो । अझ सेमेस्टरमा परीक्षा तथा परीक्षणका विविध आयाम हुन्छन् । परीक्षणलाई शिक्षार्थीमैत्री र सिकाइकेन्द्री बनाउनका लागि अनेक उपागमको उपयोग गरिएको हुन्छ । यसले शिक्षार्थी तथा शिक्षक दुवैलाई सिकाइप्रति उत्प्रेरित गर्छ । परीक्षण सिकाइ सक्षमता विकास एवम् समस्याको निराकरणका लागि पनि सहयोग हुन्छ । परीक्षण प्रक्रिया शैक्षणिक एकाइबाट प्राप्त भएका सक्षमता निर्धारण गर्न र सिकाइजनित कठिनाइ पहिचान गर्न सहयोगी बन्छ (पाठक, २०१२, पृ. २९) । कक्षा प्रगति परीक्षणबाट

सिकारुका सिकाइगत प्रगति, शिक्षणको प्रभावकारिता पहिचान हुन्छ भने पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ सिकारुलाई डोहोऱ्याउँछ। परीक्षण कार्यले शिक्षार्थीलाई सिकाइप्रति थप उत्प्रेरित गर्छ भने शिक्षकमा पनि पेसागत व्यवहारको अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ (खनिया, २०१३, पृ. १११)। परीक्षा प्रणाली सिकाइ कार्यक्रमकै शृङ्खला हो जहाँ सक्षमता प्राप्तिका सवालमा शैक्षिक अन्तर्क्रिया र छलफल हुन्छ। साथै परीक्षा प्रक्रियामा शिक्षक शिक्षार्थीबिच पृष्ठपोषण आदानप्रदान हुने भएकाले शैक्षणिक कार्यक्रमको सहकार्यात्मक सन्दर्भ पनि मानिन्छ (फल्चर एन्ड डेभिड्सन, २०११, पृ. २९)। उपर्युक्त विविध दृष्टिकोण तथा मान्यताका आधारमा शैक्षणिक कार्यक्रममा परीक्षा प्रणाली या परीक्षणको सान्दर्भिकता पुष्टि हुन्छ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनको मूल उद्देश्य त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र स्नातकोत्तर तहमा सञ्चालित सेमेस्टर प्रणालीको परीक्षण प्रक्रियाको विश्वसनीयता तथा वैधता विश्लेषण गर्नु रहेको छ।

**अध्ययन विधि र प्रक्रिया**

प्रस्तुत अध्ययन परिमाणात्मक ढाँचाको छ। यस अध्ययनमा क्षेत्रीय सर्वेक्षण विधि अपनाई मतावलीलाई तथ्य सङ्कलनको साधन बनाइएको छ। प्रस्तुतिमा वर्णनात्मक विधि अपनाइएको छ भने तुलनात्मक प्रक्रियाबाट सेमेस्टरको परीक्षण प्रक्रियाप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोण प्रस्तुत गरिएको छ। प्रस्तुत अध्ययनमा काठमाडौँ उपत्यका भित्रका शिक्षाशास्त्रअर्न्तगत स्नातकोत्तर तह सञ्चालन भएका त्रिविका आङ्गिक क्याम्पस (विश्वविद्यालय क्याम्पस, महेन्द्ररत्न क्याम्पस तथा सानोठिमी क्याम्पस) का सम्बन्धित विषयका शिक्षक तथा शिक्षार्थीमध्ये यादृच्छिक नमुना छनोट विधिबाट ४० जना शिक्षक र २०७८/०७९ मा उक्त तहको दोस्रो, तेस्रो तथा चौथो समेस्टरमा अध्ययनरत १२० जना शिक्षार्थी नमुनाका रूपमा लिइएको छ। प्रस्तुत अध्ययनमा निर्दिष्ट ४० जना शिक्षक एवम् १२० शिक्षार्थीबाट प्राप्त प्रतिक्रिया प्राथमिक स्रोतका रूपमा रहेका छन् भने सम्बद्ध सैद्धान्तिक ग्रन्थ, सम्बन्धित अनुसन्धान प्रतिवेदन एवम् विशेषज्ञका सुझावहरू द्वितीयक स्रोतका रूपमा रहेका छन्।

प्रस्तुत अध्ययनमा शिक्षक तथा शिक्षार्थीको अभिमत पहिचान गर्नका लागि परीक्षण प्रक्रियासँग सम्बन्धित मतावली बनाइएको छ। शिक्षकका र शिक्षार्थीका लागि एउटै प्रकृतिका कथन तयार पारी त्यसका आधारमा अभिमत लिइएको छ। प्रस्तुत अध्ययनमा विश्वसनीयता तथा वैधतासम्बन्धी कथन तयार गरी शिक्षक तथा शिक्षार्थीबाट अभिमत लिइएको छ। लिकर्ट स्केललाई आधार मानी कथनसँग सहमत वा असहमत जनाउने पाँचओटा विकल्पन दिइएको छ। यी विकल्पनमध्ये कुनै एउटामा रेजा लगाउने प्रबन्ध गरिएको छ। उक्त विकल्पनमध्ये पूर्ण सहमत, सहमत, अनिर्णित, असहमत तथा पूर्ण असहमत रहेका छन्। सेमेस्टरको नतिजाको विश्वसनीयता तथा परीक्षणको वैधतासम्बन्धी शिक्षक तथा शिक्षार्थीका अभिमत लिनका लागि एकेकओटा कथन तयार पारी अभिमत सङ्कलन गरिएको छ।

यस लेखमा शिक्षक तथा शिक्षार्थीका अभिमतमार्फत लिइएका दृष्टिकोणलाई विकल्पमा प्राप्त मतलाई प्रतिशताङ्कमा राखी प्रस्तुत गरिएको छ। सेमेस्टरमा आधारित परीक्षण प्रक्रियाको विश्वसनीयता तथा वैधताप्रति शिक्षक तथा शिक्षार्थीका दृष्टिकोणलाई अभिमतको समष्टिगत, पृथकीकृत तथा तुलनात्मक ढाँचामा विश्लेषण गरिएको छ। साङ्ख्यिकीय विश्लेषण गरी वृत्तचित्र एवम् स्तम्भचित्रमार्फत शिक्षक तथा शिक्षार्थीका दृष्टिकोण विश्लेषण गर्दा मूलतः सकारात्मक र नकारात्मक गरी दुई तरिकाले प्रस्ट पारिएको छ। पूर्ण सहमत र सहमतलाई सकारात्मक, असहमत र पूर्ण असहमतलाई नकारात्मक तथा अनिर्णितलाई तटस्थ मानेर विश्लेषण गरिएको छ। यस लेखमा सरोकारवाला शब्दले त्रिभुवन विश्वविद्यालय, शिक्षा स्नातकोत्तर तहमा अध्ययनरत शिक्षार्थी तथा उक्त तहमा अध्यापनरत शिक्षकलाई जनाइएको छ

**परीक्षणमा विश्वसनीयता र वैधता**

शैक्षणिक जगत्मा कार्यान्वयनमा आएका सबै मूल्याङ्कनमा विश्वसनीयता तथा वैधतालाई प्रमुख गुण मानिन्छ। सबै परीक्षण या मूल्याङ्कनमा विश्वसनीय नतिजा अनिवार्य हुन्छ। विद्यार्थीले प्राप्त गरेको अङ्कले उसको वास्तविक क्षमताको प्रतिविम्बन गर्न सक्नुपर्छ। यसका लागि पटकपटकको

परीक्षणमा समान अङ्क प्राप्त हुन सकेको खण्डमा विद्यार्थीले प्राप्त गरेको अङ्क स्वीकार्य हुन्छ । कुनै पनि मूल्य वा मान्यता नतिजा वा व्यवहारमा यदि स्थायित्व भएमा, मेल खाएमा, शुद्ध भएमा विश्वास गर्न सकिने हुन्छ। त्यस्तो किसिमको विषयवस्तु वा गुण भएमा विश्वसनीयता रहेको मानिन्छ । प्राप्ताङ्क स्वीकार गर्न सकिने अवस्था आउनु भनेको पनि परीक्षणमा विश्वसनीयता रहेको ठान्न सकिन्छ। एउटै प्रकृतिका पटकपटक भएका परीक्षणबाट प्राप्त भएको अङ्क  समान वा उस्तै हुनुपर्छ। यसो भएमा मात्र परीक्षण विश्वसनीय हुन्छ । कुनै परीक्षण साधनको एउटै गुणलाई पटकपटक मापन गर्दा समान नतिजा प्रदान गर्छ भने मापनको साधनमा हुने त्यस गुणलाई विश्वसनीयता भनिन्छ (खनाल र अधिकारी, २०६८, पृ. १५०) । परीक्षण विश्वसनीय भएको खण्डमा विद्यार्थीको उपलब्धि विश्वसनीय हुन्छ । त्यस्तै, उपलब्धिको विश्वसनीयतासँगै शैक्षणिक क्षेत्रका विविध घटकको उपयोग, सान्दर्भिकताको विश्वसनीयता पुष्टि हुने अवस्था सिर्जना हुने भएकाले विश्वसनीयतालाई मूल्याङ्कनको महत्त्वपूर्ण गुण पनि मानिन्छ।

परीक्षणको कुनै साधनले समान किसिमको वातावरणमा कुनै व्यक्ति वा समूहको सिकाइ उपलब्धिलाई बारम्बार मापन गर्दा शुद्ध र स्थिर नतिजा दिन सक्छ भने त्यस साधनलाई विश्वसनीय मानिन्छ (निउरे, २०७०, पृ. १९४)। सेमेस्टर प्रणालीमा परीक्षण वा मूल्याङ्कनका विविध पक्षको व्यवस्था गरिएको हुन्छ । विभिन्न उपकरणको उपयोगका लागि पाठ्यांशले नै निर्देश गरेको हुन्छ । निर्देशित सबै किसिमका उपकरण प्रयोगमा ल्याउनुपर्ने पहिलो सर्त हो भने विभिन्न उपकरणका माध्यमबाट प्राप्त भएको अङ्क समान किसिमको हुनुपर्दछ । अझ एउटै प्रकृतिका पटकपटक भएका परीक्षणबाट प्राप्त भएको अङ्क समान हुनुपर्छ । यसो भएमा मात्र परीक्षण विश्वसनीय हुन्छ।

विश्वसनीयताजस्तै वैधता परीक्षणको अनिवार्य गुण मानिन्छ । कुनै पनि परीक्षण वैध बन्नका लागि विश्वसनीय हुनुपर्छ। जुन उद्देश्यले परीक्षणको साधन निर्माण गरिएको हो, उक्त साधनबाट त्यही उद्देश्य प्राप्त हुन्छ भने त्यस साधनलाई वैध मानिन्छ (निउरे, २०७०, पृ. २११) । परीक्षण वा मूल्याङकन गर्दा निर्धारित पाठ्यांशका सबैजसो पाठ एवम् सिकाइ अनुवभवका प्रतिनिधिमूलक प्रश्नका माध्यमबाट तथा ज्ञान, सिप एवम् व्यवहारको पहिचान, मापन र विश्लेषण गर्न सक्ने विशेषता वा गुण नै वैधता हो । जुन उद्देश्य मापनका लागि परीक्षण निर्माण गरिएको हो, परीक्षणले त्यही उद्देश्यअनुसारका गुणहरू मापन गर्न सक्यो भने परीक्षणमा हुने त्यस विशेषतालाई वैधता भनिन्छ (खनाल र अधिकारी, २०६८, पृ. १५८) । कुनै पनि परीक्षणमा एक किसिमको वैधता भएर मात्र पुग्दैन, असल परीक्षणका निम्ति वैधतामा विविधता  अनिवार्य हुन्छ । यसले विषयगत, आधारसम्बन्धी, रचनात्मक आदि वैधता भन्ने बुझिन्छ तर विविधताको अपेक्षा गरिए पनि उपलब्धि परीक्षणमा मूलतः विषयगत वैधतालाई प्राधान्य दिइन्छ।

शैक्षणिक परीक्षण तथा मूल्याङ्कनमा वैधतालाई अनिवार्य अङ्ग मानिन्छ । शैक्षणिक मूल्याङकनमा पाठ्यांशले निर्धारण गरेका पाठ्यवस्तु, ज्ञान एवम् सिकाइ अनुभवको परीक्षण गरिन्छ । निर्दिष्ट क्षेत्रका प्रतिनिधिमूलक प्रश्नका माध्यममबाट शिक्षार्थीले प्राप्त गरेका ज्ञान, सिप एवम् व्यवहारको पहिचान, मापन र विश्लेषणयोग्य गुणलाई वैधता मानिन्छ । विद्यार्थीका तात्कालिक क्षमता, पूर्ववर्ती क्षमता, पश्चवर्ती क्षमता एवम् रचनात्मक कौशलको पहिचान, विश्लेषण एवम् पूर्वानुमान गर्न सक्नु पनि वैधता हो। त्यसैले शैक्षणिक सन्दर्भमा सबै किसिमका मापन तथा मूल्याङ्कनमा वैधतालाई अनिवार्य विशेषता मानिएको छ।


## परिणाम तथा विश्लेषण

प्रस्तुत लेखमा नमुनाका रूपमा छनोट गरिएका शिक्षक एवम् शिक्षार्थीबाट प्राप्त अभिमत या प्रतिक्रियालाई समष्टिगत, पृथकीकृत तथा तुलनात्मक किसिमले उल्लेख गरी चित्रमा देखाई विश्लेषण गरिएको छ।

### परीक्षाको नतिजामा विश्वसनीयता


प्रस्तुत अध्ययनमा सेमेस्टर प्रणालीमा सञ्चालित परीक्षाबाट प्राप्त नतिजाको विश्वसनीयता सम्बन्धमा अभिमत लिइएको छ। 'परीक्षाको नतिजा विश्वसनीय छ' भन्ने कथन निर्माण गरी शिक्षक तथा शिक्षार्थीबाट प्राप्त भएको प्रतिक्रियाको विश्लेषण गरिएको छ।

चित्र नं. १




उपर्युक्त वृत्तचित्रमा सेमेस्टर प्रणालीमा उपयोग गरिएको मूल्याङ्कनको विश्वसनीयताका सम्बन्धमा प्राप्त भएको अभिमत देखाइएको छ । 'परीक्षाको नतिजा विश्वसनीय छ' भन्ने कथन निर्माण गरी शिक्षक तथा शिक्षार्थीको प्रतिक्रिया लिइएको छ । सेमेस्टर प्रणालीको परीक्षाबाट प्राप्त नतिजाको विश्वसनीयताका सन्दर्भमा समष्टिमा जम्मा ३८.१ प्रतिशत सकारात्मक, १४.४ प्रतिशत तटस्थ र ४७.५ नकारात्मक देखिन्छन्। यसबाट परीक्षा प्रणालीको विश्वसनीयता कम रहेको प्रतिक्रिया प्राप्त भएको छ।


चित्र नं. : २




माथिको स्तम्भचित्रमा सत्र प्रणालीको परीक्षाबाट प्राप्त नतिजाको विश्वसनीयता सम्बन्धी शिक्षकबाट प्राप्त भएको अभिमत प्रस्तुत भएको छ । यहाँ ७.५ प्रतिशत शिक्षकले यससम्बन्धी कथनमा पूर्ण सहमति जनाएका छन् भने ४५ प्रतिशत शिक्षकले कथनप्रति सहमति व्यक्त गरेका छन् । त्यसैगरी २७.५ प्रतिशत शिक्षक अनिर्णित छन् भने १७.५ प्रतिशत शिक्षकले अङ्कको विश्वसनीयतामा असहमति जनाएका छन् । अझ २.५ प्रतिशत शिक्षक पूर्ण असहमत रहेका छन् । यस अभिमतबाट सत्र प्रणालीको परीक्षामा विश्वनीयताको स्तर नराम्रो वा कमजोर रहेको प्रमाणित हुन्छ ।

सेमेस्टरको परीक्षा प्रणालीमा परीक्षाको नतिजाप्रति शिक्षार्थी विश्वस्त हुन नसकेको अभिमत प्राप्त भएको छ । विश्वसनीयतासँग सम्बद्ध कथनमा जम्मा ३३.३४ प्रतिशत शिक्षार्थी सकारात्मक देखिन्छन् भने ५६.६६ प्रतिशत शिक्षार्थी नकारात्मक छन् । त्यसैगरी १० प्रतिशत शिक्षार्थीले तटस्थ प्रतिक्रिया जनाएका छन् । विश्वसनीयता सम्बन्धी मतलाई स्तम्भचित्रमा निम्नानुसार देखाउन सकिन्छ :

चित्र नं. : ३





माथिको स्तम्भचित्रमा शिक्षार्थीहरूबाट प्राप्त भएको मत प्रस्तुत गरिएको छ । यहाँ ५ प्रतिशत शिक्षार्थीले यस कथनमा पूर्ण सहमति जनाएका छन् भने २८.३३ प्रतिशत शिक्षार्थी कथनप्रति सहमत छन् । यसरी सकारात्मक अभिमत जम्मा ३३.३४ प्रतिशत

शिक्षार्थीबाट प्राप्त भएको छ। त्यसैले यस आँकडाका आधारमा विश्वसनीयताको स्तर नराम्रो रहेको पुष्टि हुन्छ। त्यसैगरी १० प्रतिशत शिक्षार्थी अनिर्णित छन् भने ४३.३३ प्रतिशत शिक्षार्थीहरू अङ्कको विश्वसनीयतामा असहमत देखिन्छन् । अझ १३.३३ प्रतिशत शिक्षार्थीहरू पूर्ण असहमत छन् । यसबाट स्नातकोत्तर तहको परीक्षण प्रक्रियाको नतिजामाथि गम्भीर प्रश्न उब्जिएको छ।

स्नातकोत्तर तहको सत्र प्रणालीमा आधारित परीक्षाको नतिजाप्रति शिक्षकका तुलनामा करिब २० प्रतिशत विद्यार्थी कम विश्वस्त छन् । उक्त कथनमा जम्मा ५२. ५ प्रतिशत शिक्षक सकारात्मक छन् भने ३३.३३ शिक्षार्थी सकारात्मक देखिएका छन् । त्यस कथनमा निर्दिष्ट प्रतिशतभन्दा अरू सकारात्मक देखिएनन् । नतिजाको विश्वसनीयता सम्बन्धी तुलनात्मक आँकडालाई स्तम्भचित्रमा यसप्रकार देखाइएको छ :

चित्र नं. : ४





माथिको स्तम्भचित्रमा शिक्षक तथा शिक्षार्थीबाट प्राप्त विश्वसनीयता सम्बन्धी अभिमत प्रस्तुत गरिएको छ । जम्मा ७.५ प्रतिशत शिक्षक तथा ५ प्रतिशत शिक्षार्थीले यससम्बन्धी कथनमा पूर्ण सहमति जनाएका छन् भने ४५ प्रतिशत शिक्षक एवम् २८.५ प्रतिशत शिक्षार्थीहरूले उक्त कथनप्रति सहमति जनाएका छन्। त्यसैगरी २७.५ प्रतिशत शिक्षक र १० प्रतिशत शिक्षार्थी अनिर्णित छन् । जम्मा ७ प्रतिशत शिक्षक र ४३.३३ प्रतिशत शिक्षार्थीबाट अङ्कको विश्वसनीयतामा असहमति प्रकट गरिएको छ । त्यस्तै, २.५ प्रतिशत शिक्षक र १३.३३ प्रतिशत शिक्षार्थी पूर्ण असहमत छन्। उपर्युक्त तथ्यबाट के प्रस्ट हुन्छ भने सत्र प्रणालीको परीक्षाबाट प्राप्त नतिजामा शिक्षार्थीका तुलनामा शिक्षक बढी (१९ प्रतिशत) विश्वस्त देखिन्छन्।

**परीक्षणमा वैधता**

प्रस्तुत अध्ययनमा 'परीक्षणमा वैधता देखिन्छ' भन्ने कथन निर्माण गरी मत सर्वेक्षण गरिएको थियो। उक्त सूचकमा प्राप्त प्रतिक्रिया विश्लेषण गर्दा परीक्षणमा वैधताको स्थिति कमजोर रहेको देखिन्छ। जम्मा ३६ प्रतिशत मत सकारात्मक र ६४ प्रतिशत मत नकारात्मक देखिएकाले वैधता कमजोर रहेको प्रमाणित गर्छ । उक्त आँकडालाई तलको वृत्तचित्रमा प्रस्ट पारिएको छ :

चित्र नं. ५





उपर्युक्त वृत्तचित्रमा सेमेस्टर प्रणालीमा सञ्चालित परीक्षाको वैधता सम्बन्धमा प्राप्त भएको अभिमत प्रस्तुत गरिएको छ । 'परीक्षणमा वैधता देखिन्छ' भन्ने कथन निर्माण गरी शिक्षक तथा शिक्षार्थीहरूको प्रतिक्रिया लिइएको छ । सेमेस्टर प्रणालीको परीक्षण प्रक्रियाको वैधताका सन्दर्भमा समष्टिमा जम्मा ३९.४ प्रतिशत उत्तरदाता सकारात्मक, २०.६ प्रतिशत उत्तरदाता तटस्थ र ४० प्रतिशत उत्तरदाता

नकारात्मक देखिन्छन् । यसबाट सेमेस्टर प्रणालीको परीक्षणमा वैधताको अवस्था कमजोर रहेको देखिन्छ।

वैधताका सवालमा शिक्षक तथा शिक्षार्थीबाट अभिमत लिइएको थियो । शिक्षकबाट प्राप्त प्रतिक्रियालाई तलको स्तम्भचित्रमा देखाइएको छ :


चित्र नं. : ६




माथिको स्तम्भचित्रमा वैधतामा सम्बन्धमा लिइएको शिक्षकहरूको अभिमत प्रस्तुत छ । उक्त कथनमा ५० प्रतिशत शिक्षकले परीक्षणमा उपकरणमा वैधता रहेको जनाएका छन् । जम्मा २७.५ प्रतिशत शिक्षकले निर्णायक मत दिन चाहेका छैनन् भने २२.५ प्रतिशत शिक्षक असहमत छन् । छनोटमा परेका सहभागीमध्ये आधा अर्थात् ५० प्रतिशत शिक्षक यस सवालमा सहमत हुनाले परीक्षणमा वैधताको अवस्था राम्रो नरहेको जनाउँछ। जम्मा ५० प्रतिशत मात्र शिक्षक परीक्षणमा वैधता छ भनेर स्वीकार गर्नुले सत्र प्रणालीको परीक्षणमा वैधता निर्माणका लागि सचेत हुनुपर्ने देखिन्छ। शिक्षकहरूको शिक्षक आफैँ प्रत्यक्षतः निर्माण गरी सञ्चालनमा ल्याएका परीक्षण उपकरणमा वैधता कायम हुन नसकेको जनाएबाट परीक्षण प्रक्रियाका उपकरण निर्माण र सञ्चालन प्रक्रियाका सम्बन्धमा सरोकारवालाबिच गहन परामर्श गरी वैधता निर्माणको अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ।

परीक्षणको वैधतासम्बन्धी सूचकमा प्राप्त भएको शिक्षार्थीहरूको प्रतिक्रियाले पनि परीक्षणमा वैधता प्रक्रियामा वैधता सुनिश्चित हुन नसकेको प्रस्ट पार्छ। यस सूचकमा प्राप्त प्रतिक्रिया विश्लेषण गर्दा परीक्षणमा वैधताको स्थिति कमजोर रहेको देखिन्छ। जम्मा ३५.८३ प्रतिशत मत सकारात्मक हुनु र ४५.८३ प्रतिशत नकारात्मक तथा १८.३४ अनिर्णित रहनुले परीक्षणको वैधता कमजोर रहेको प्रमाणित हुन्छ। उक्त आँकडालाई तलको स्तम्भचित्रमा देखाइएको छ :

चित्र नं. : ७





माथिको स्तम्भचित्रमा वैधतामा सम्बन्धमा लिइएको शिक्षार्थीहरूको अभिमत प्रस्तुत छ । उक्त कथनमा जम्मा ३५.८३ प्रतिशत शिक्षार्थीले परीक्षणमा वैधता रहेको जनाएका छन् । यसमा १२.५ प्रतिशत शिक्षार्थी वैधताका सवालमा पूर्ण सहमति प्रकट गरेका छन् भने २३.३३ प्रतिशत सहमत मात्र हुन्छन्। १८.३३ प्रतिशत शिक्षार्थीले निर्णायक मत दिन चाहेका छैनन् भने ४५.८३ प्रतिशत शिक्षार्थी असहमत छन् । १० प्रतिशत शिक्षार्थी वैधताका सवालमा पूर्ण असमत देखिन्छन्। जम्मा ६४.१७ प्रतिशत शिक्षार्थी सेमेस्टरको परीक्षणमा वैधता छ भनेर स्वीकार गर्न नसक्नु वा सकारात्मक नहुनुले परीक्षणको वैधता कमजोर रहेको सिद्ध हुन्छ।

सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तहको परीक्षणमा रहेको वैधतासँग सम्बद्ध सूचकमा प्राप्त प्रतिक्रियाको तुलनात्मक विश्लेषण हेर्दा परीक्षणमा वैधताको स्थिति कमजोर रहेको स्पष्ट हुन्छ। जम्मा ५० प्रतिशत शिक्षक तथा ३५.८३ प्रतिशत शिक्षार्थी सकारात्मक हुनु र ५० प्रतिशत शिक्षक एवम् ६४.१७

प्रतिशत शिक्षार्थी सकारात्मक नदेखिएकाले सत्र प्रणालीको परीक्षण प्रक्रियामा वैधताको स्थिति कमजोर रहेको प्रमाणित हुन्छ । यस सवालमा प्राप्त आँकडालाई तलको स्तम्भचित्रमा हेर्न सकिन्छ :

चित्र नं. : ८




उपर्युक्त स्तम्भचित्रमा वैधतामा सम्बन्धमा लिइएको अभिमतलाई तुलनात्मक ढाँचामा प्रस्तुत गरिएको छ । उक्त कथनप्रति जम्मा १२.५ प्रतिशत शिक्षार्थी तथा ७.५ प्रतिशत शिक्षकबाट पूर्ण सहमति जनाइएको छ । जम्मा ४२.५ प्रतिशत शिक्षक तथा २३.३३ प्रतिशत शिक्षार्थीले परीक्षण प्रक्रियामा वैधता सम्बन्धमा सहमति जनाएका छन् । जम्मा २७.५ प्रतिशत शिक्षक र १८.३३ प्रतिशत शिक्षार्थीले निर्णायक मत दिन चाहेका छैनन् । त्यस्तै, २२.५ प्रतिशत शिक्षक र ३५.८३ प्रतिशत शिक्षार्थी असहमत छन् । उक्त कथनमा १० प्रतिशत शिक्षार्थी परीक्षण प्रक्रियाको वैधताका सवालमा पूर्ण असमत देखिन्छन् । यसरी जम्मा ५० प्रतिशत शिक्षक र ६४.१७ प्रतिशत शिक्षार्थी परीक्षणमा वैधता छ भनेर स्वीकार गर्न नसक्नुले सेमेस्टरको परीक्षण उपकरणमा वैधता कमजोर रहेको देखिन्छ।

## निष्कर्ष

सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर तहको 'नतिजा विश्वसनीय छ' भन्ने कथनमा जम्मा ३३.३३ प्रतिशत शिक्षार्थी र ५२.५ प्रतिशत शिक्षक मात्र सकारात्मक देखिएकाले सन्तुष्टिको स्तर कमजोर रहेको पाइन्छ । शिक्षार्थीका तुलनामा शिक्षकको प्रतिक्रिया बढी सकारात्मक रहनुले शिक्षार्थीमैत्री परीक्षण हुन नसकेको देखिन्छ भने तुलनात्मक हिसाबले शिक्षकहरू नतिजाप्रति विश्वस्त रहेको देखिए तापनि २७.५ प्रतिशित शिक्षकले नतिजाको विश्वसनीयताका सवालमा सकारात्मक वा नकारात्मक अभिमत नदिई तटस्थ प्रतिक्रिया जनाउनुबाट नतिजाप्रति बढी विश्वस्त नभएको पुष्टि हुन्छ। त्यसैगरी परीक्षणमा वैधता छ भन्ने कथनमा ३५.८३ प्रतिशत शिक्षार्थी र ५० प्रतिशत शिक्षक मात्र सकारात्मक देखिन्छन् । यसबाट शिक्षार्थीका तुलनामा शिक्षकले वैधता राम्रो रहेको अनुभव गरेको देखिन्छ । दुवै कथनमा शिक्षार्थीभन्दा करिब १५ प्रतिशत बढीका दरले शिक्षकहरू सकारात्मक देखिन्छन् । यसबाट परीक्षण प्रक्रियामा विद्यार्थीको अपेक्षा बढी रहेको तर प्राप्त गर्न नसकेको देखिन्छ भने शिक्षक तुलनात्मक दृष्टिले सकारात्मक रहेको निष्कर्ष प्राप्त भएको छ। शिक्षकले पनि दुवै सूचकमा करिब ५० प्रतिशत मात्र सकारात्मक प्रतिक्रिया जनाएका र शिक्षार्थीले करिब ३५ प्रतिशत मात्र सकारात्मक प्रतिक्रिया दिएकाले सेमेस्टरको परीक्षण प्रक्रियालाई विश्वसनीय एवम् वैध बनाउनका लागि अभिमुख हुनुपर्ने देखिन्छ।

## सुझाव

प्रस्तुत अध्ययनबाट सेमेस्टरको परीक्षण प्रक्रियाको विश्वसनीयता तथा वैधताका सन्दर्भमा शिक्षार्थी र शिक्षकको भिन्न अभिमत प्राप्त भएको छ। असल परीक्षणका अनिवार्य मानिने विशेषता वा गुण विश्वसनीयता तथा वैधतामा शिक्षार्थी तथा शिक्षक दुवै वर्गमध्ये शिक्षार्थीबाट अत्यन्त कमजोर र शिक्षकबाट मध्यम किसिमको अभिमत प्राप्त भएको छ । अध्ययनबाट प्राप्त अभिमतका आधारमा केही सुधारात्मक सुझाव प्रस्तुत गरिएको छ। परीक्षणबाट प्राप्त भएको नतिजाको विश्वसनीयता कमजोर देखिएको छ । अङ्कन वा परीक्षण गर्ने स्वयम् शिक्षकहरूबाट आफैले प्रदान गरेको अङ्क वा प्रक्रियाप्रति पूर्ण विश्वस्त हुन नसकको देखिन्छ भने शिक्षार्थीबाट प्राप्त मत कमजोर छ। नतिजामा शिक्षक बढी जिम्मेवार र सचेत बन्नुपर्ने देखिन्छ । त्यस्तै

परीक्षण प्रक्रियाको वैधताका सवालमा पनि दुवै वर्गको अपेक्षित प्रतिक्रिया प्राप्त हुन सकेको छैन। शिक्षार्थीबाट निकै कम सकारात्मक प्रतिक्रिया प्राप्त भएकाले परीक्षणका उपकरण वा समग्र परीक्षण प्रक्रियालाई वैध बनाउन सम्बद्ध शिक्षकहरू एवम् सरोकारवाला जिम्मेवार र संवेदनशील बन्नुपर्ने देखिन्छ।

**कृतज्ञताज्ञापन :** प्रस्तुत लेख विश्वविद्यालय अनुदान आयोगबाट २०७७/०७८ का लागि 'त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तहको परीक्षा प्रणालीप्रति सरोकारवालाको दृष्टिकोण' शीर्षकको फ्याकल्टी रिसर्च [FRG-77/78-Edu-2] ग्रान्टअन्तर्गत गरिएको अनुसन्धानबाट प्राप्त तथ्यलाई आधार बनाई तयार पारिएको हो । उक्त अनुसन्धानको पूरक सामग्रीका रूपमा यो लेख तयार भएकाले यसको स्रोत उक्त अनुसन्धान नै हो । तसर्थ उक्त अनुसन्धान ग्रान्ट उपलब्ध गराई अनुसन्धानमा अभिप्रेरित गर्ने संस्था विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछौँ।

## सन्दर्भसूची

अलि, जे.जी. (सन् १९९६), *वेब्स्टर्स डिक्नरी,* युएसए : ओटेन्हेइमर पब्लिसर्स।

खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६८), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन।

खनाल, राजेन्द्र (२०७७), *सेमेस्टर प्रणालीमा आधारित आन्तरिक मूल्याङ्कनप्रति शिक्षक तथा शिक्षार्थीको दृष्टिकोण,* विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरमा पेस गरिएको लघु अनुसन्धान प्रतिवेदन।

खनिया, तीर्थराज (सन् २०१३), *इक्जामिनेसन फर इन्ह्यान्सड लर्निङ;* एजुकेसनल एन्ड डिभ्लप्मेटल सर्भिस सेन्टर।

चोङबाङ्ग, के.बि.(सन् २०१४) *कम्पारेटिभ स्टडी अफ सेमेस्टर सिस्टम एन्ड एनुअल सिस्टम अफ फ्याकल्टी अफ एजुकेसन,* त्रिवि शिक्षाशास्त्र सङ्कायमा प्रस्तुत लघु अनुसन्धान प्रतिवेदन।

त्रिपाठी, सुधा र अन्य (सन् २०१८), *टियु बुलेटिन स्पेसल,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय।

निउरे, ध्रवप्रसाद (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौं : क्वेस्ट पब्लिकेसन।

पाठक, आर.पी. (सन् २०१२), *मिजरमेन्ट एन्ड इभालुएसन इन एजुकेसन,* दिल्ली : पियर्सन।

पौडेल, लालु (२०७४), *सेमेस्टर प्रणाली : समस्या र सुधारका उपाय* प्रगतिशील प्राध्यापक सङ्गठनद्वारा कीर्तिपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत अवधारणापत्र।

फल्चर, जि. एन्ड डेभिड्सन, एफ.(सन् २०११), *ल्याङ्गवेज टेस्टिङ एन्ड एसेस्मेन्ट,* लन्डन : रट्लेज।

मजुम्दर, मम्ताज (सन् २०१०), *इन्ट्रडक्सन अफ सेमेस्टर सिस्टम इन इन्डियन कलेज,* आसाम युनिभर्सिटी : सेमिनार पेपर।

युसफ, ए. एन्ड हसिम, एम. (सन् २०१२) अ केस स्टडी अफ एनुअल एन्ड सेमेस्टर सिस्टम अफ इक्जामिनेसन अन गभर्मेन्ट कलेज अफ म्यानेजमेन्ट साइन्स, इन्टरनेसनल जर्नल अफ एकेडेमिक रिसर्च इन बिज्नेस एन्ड सोसल साइन्स, भोल. २ ( ५३—७३)।

रेनल्ड्स, सि.आर. एन्ड अदर्स (सन् २०१८), *मिजरमेन्ट एन्ड एसेस्मेन्ट इन एजुकेसन,* इन्डिया :पियर्सन।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७५), *अनुसन्धान विधि,* कीर्तिपुर : सनलाइट पब्लिकेसन।

ल्याडो, रबर्ट (सन् १९६५), *ल्याङ्गवेज टेस्टिङ,* लन्डन : लङमेन्स।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शिक्षाशास्त्र सङ्काय (२०७२), *नेपाली शिक्षा पाठ्यक्रम,* स्नातकोत्तर तह, त्रिवि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर।